नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
सिन्धुपाल्चोक

☎ : ०११-६२०१०६
☎ : ०११-६२०१३३
फ्याक्स नं.०११-६२००८४

प.सं.- (प्र)०७६/७७

मिति:२०७७/०२/३२

## अत्यन्त जरुरी सूचना

नेपाल सरकार (मन्त्रीपरिषद्) को मिति २०७७/०२/२८ गतेको निर्णय एवं गृह मन्त्रालयको च.नं.४१६० मिति २०७७/०२/३० को परिपत्र अनुसार विश्वयापी माहामारीको रुप लिएको कोभिड-१९ को संक्रमण सम्वन्धमा संक्रामक रोग ऐन,२०२० को दफा २ अनुसार सिन्धुपाल्चोक जिल्लामा पनि देहाय वमोजिम गर्न गराउन सम्वन्धित सवैको जानकारीको लागि यो सूचना जारी गरिएको छ ।

देहायः-

१. देहाय वमोजिमका सेवा र कार्यहरु हाललाई सञ्चालन नगर्नेः

क) शैक्षिक संस्थाहरु ( विद्यालय, कलेज, ट्युसन सेन्टर, तालिम केन्द्र)
ख) अनुमति प्राप्त बाहेकका अन्तराष्ट्रिय तथा आन्तरिक उडानहरु,
ग) तोकिएवाहेकका अन्तराष्ट्रिय सीमा नाकावाट हुने आवतजावत,
घ) सबै प्रकारका सभा, गोष्ठी, तालिम, सेमिनार,
ङ) सबै प्रकारका प्रर्दशन, भेला, तथा सेमिनार
च) सिनेमा हल, पार्टी प्यालेस, डान्सवार लगायतका मनोरञ्जन स्थल,
छ) सार्वजनिक पुस्तकालय, सङ्ग्रहालय,चिडियाखाना,
ज) स्पा, सैलुन तथा ब्युटी पार्लर,
झ) स्विमिङ पुल, जिमखाना लगायत हेल्थ क्लव
ञ) सपिङ मल
ट) समूहमा खेलिने खेलकुद र खेलमैदानमा हुने प्रस्तुती
ठ) सबै प्रकारका धार्मिक तथा सामाजिक स्थल
ड) यात्रुवाहक सार्वजनिक सवारी साधन (पर्यटक सवारी साधन समेत)
ढ) काठमाडौ उपत्यकाको हकमा काठमाडौं उपत्यकाभित्र र अन्य जिल्लाको हकमा सम्वन्धित जिल्लाभित्र मात्र जोरविजोर प्रणालीमा सञ्चालन हुने मोटरसाईकल र निजी सवारी साधन वाहेक अन्य निजी सवारी साधन ।

२. दुई मिटरको सामाजिक दूरी कायम गर्ने, मास्क प्रयोग गर्ने, पटक पटक साबुनपानीले हात धुने वा स्यानीटाइजरको प्रयोग गर्ने लगायतका जनस्वास्थ्यका मापदण्ड र सूरक्षाका मापदण्ड अनिवार्यरुपमा पालना गर्ने गरी देहायमा उल्लिखित सेवा र कार्यहरु सञ्चालन गर्नेः

क) स्वास्थ्यसँग सम्वन्धित सवै सेवा (निजी क्लिनिक समेत)

नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
सिन्धुपाल्चोक

☎ : ०११-६२०१०६
☎ : ०११-६२०१३३
फ्याक्स नं.०११-६२००८४

प.सं.- (प्र)०७६/७७

ख) सबै प्रकारका कृषि र पशुपंक्षी व्यवसाय (उत्पादनदेखि विक्रि वितरण सम्मका सवै श्रृंखला)

ग) उद्योग,व्यापार,व्यवसाय, पसल, डिपार्टमेन्ट स्टोर

घ) सबै प्रकारका ढुवानी

ङ) पैदल आवागमन

च) साईकल

छ) काठमाडौं उपत्यकाको हकमा काठमाडौं उपत्यका भित्र र अन्य जिल्लाको हकमा सम्वन्धित जिल्लाभित्र मात्र जोर विजोर प्रणालीमा सञ्चालन हुने मोटरसाईकल (चालक मात्र रहने गरी) र निजी सवारी साधन (चालक वाहेक थप २ जना सम्म मात्र सवार हुने )

ज) फोहोरमैला व्यवस्थापन

झ) विद्युत,दमकल, एम्बुलेन्स, सञ्चार तथा प्रशारण, हुलाक सम्वन्धी सेवा

ञ) बैक तथा वित्तिय संस्था, सहकारी र बीमा सेवा

ट) नर्सरी र वनजन्य उद्यम

ठ) विकास आयोजना (निजी क्षेत्रवाट प्रवर्दित समेत)

ड) निर्माण कार्य (निजी समेत)

ढ) नदि तथा खानीजन्य पदार्थ उत्खनन्, संकलन, ढुवानी र विक्रि वितरण

ण) रेष्टुरेन्टवाट हुने प्याकिङ तथा टेक अवे सेवा

त) क्वारेन्टिनका लागि तोकिएका होटल र यातायातका साधन

थ) सरकारी कार्यालय, शिक्षण संस्थाका कार्यालय, गैर सरकारी तथा निजी क्षेत्रका कार्यालय र वैक तथा वित्तिय संस्थाहरु (विहान ८ बजेदेखि दिउसो १ वजेसम्म र दिउसो १ वजेदिख साझ ६ वजेसम्म दुई सिफ्टमा सञ्चालन गर्ने )

द) सार्वजनिक तथा जोर विजोर प्रणालीमा सञ्चालन हुने गरी निजी सेवा प्रदायक कार्यालयका श्रमिक तथा कर्मचारी ओसारपसार गर्न प्रयोग गरिने सवारी साधन (सिटको एक लहरमा एकजना यात्रुमात्रै राख्ने, सवै यात्रुले अनिवार्यरुपमा मास्कको प्रयोग गर्ने, स्यानीटाइजरको व्यवस्था गर्ने, सवारी साधनलाई दैनिक निसंक्रमित गर्ने । )

यस सूचनाको क्रमसंख्या २ को खण्ड ञ, थ, र द वमोजिमको व्यवस्था २०७७ असार १ गतेदेखि र अन्य व्यवस्था तत्काल प्रारम्भ भई २१ दिनसम्म रहनेछ । परिस्थितिको समीक्षा एवं संक्रमणको जोखिम विक्षेषणका आधारमा उल्लिखित व्यवस्थामा आवश्यक हेरफेर एवं थपघट गर्न सकिनेछ ।

उमेश कुमार ढकाल
प्रमुख जिल्ला अधिकारी
प्रमुख जिल्ला अधिकारी